मण्डलीमा अनुशासन



पाष्टरीय तालीम पुस्तिका

४१

तालीम र वृद्धि

T&M ®

यो अध्ययन प्रयोग गरेर तपाईंको जीवन तथा मण्डलीमा सिद्ध पवित्रता आउन सकोस् भनी प्रभुसँग प्रार्थना गर्नोस् ।

पवित्र हुनु भन्नाले सारा पापबाट अलग रहनु, अनि परमेश्वर लाई प्रेम गर्न र उहाँको सेवा गर्नको निम्ति हामी आफै पूर्ण रुपले अर्पित हुनु हो । पवित्र जीवन जिउनको निम्ति, हामीले आफैलाई विभिन्न रुपमा अनुशासन गर्दछौ ।

"अनुशासन" को अर्थ के हो ? कुनै मतवाला अथवा व्यभिचारीलाई चाहिएको सुधार होला भनी शायद हामी सोच्छौं । तर अनुशासन अझ गहन हुन्छ । इसाई अनुशासन पवित्र आत्मामा समर्पित हुनु हो, जसको फलस्वरुप उहाँले हामीलाई प्रभुका आज्ञाहरु अनुसार अगुवाइ गर्नु हुनेछ ।

येशूको कुनै पनि चेलाले उहाँको नमूना पछ्याउँछ अनि उहाँका आज्ञाहरु पालन गर्दछ । उसले उदारचित्तसँग दशांश अनि अरु सहयोग दिन्छ । उसले साक्षी पनि दिन्छ । उसले स्वार्थीपना र निन्दालाई इन्कार गर्दछ । उसले खाँचोमा परेकालाई सहयोग प्रदान गर्दछ । उसले प्रार्थना गर्दछ अनि परमेश्वर को वचनमा मनन गर्दछ । उसले दिनहुँ पवित्र आत्माको अगुवाइ खोज्दछ ।

प्रभु येशू खीष्टको चेला

चेला त्यो व्यक्ति हो जसले खीष्टको आज्ञा पालन गर्दछ । (उसले प्रभुलाई "ग्रहण" गर्न "निर्णय" मात्र गरेको हुँदैन ।) चेलाले बाइबल अध्ययन मात्र गर्दैन । उसले आफ्नो जीवन र सेवकाइमा यसको शिक्षालाई प्रयोगमा ल्याउँदछ ।

खीष्टले हामीलाई के बनाउन आज्ञा गर्नुभयो:

- ☐ बाइबलका विद्यार्थीहरु ।
- ☐ आज्ञाकारी चेलाहरु ।
- ☐ भावनात्मक निर्णयकर्ताहरु ।

मत्ती २८:१९-२० मा, प्रभु येशू खीष्टले हामीलाई उहाँका सारा आज्ञाहरु पालन गर्ने चे_____हरु बनाउन आज्ञा गर्नुभयो ।

साँचो चेलाले खीष्टलाई “ग्रहण” मात्र गर्दैन अनि सुसमाचार को सिद्धान्तलाई पनि विश्वास मात्र गर्दैन । उसले विश्वासद्वारा पवित्रतामा काम पनि गर्दछ । परमेश्वरको शक्तिशाली आत्माको फल चाहिँ उसको चरित्र हो (गलाती ५:२२-२३)। विश्वासले हामीलाई धेरै क्षेत्रमा पर मेश्वरमा भरोसा गर्न अगुवाइ गर्दछ । केकेको लागि, केही उदाहरणहरु:

- पापहरुको पूर्ण क्षमादान, अनि अनन्त जीवनको लागि, (यूहन्ना ३:१६, १ यूहन्ना १:७-१०)

- पवित्रताको लागि, (१ पत्रुस २:९)

- परीक्षा अनि दुष्ट आत्माहरुमाथि शक्तिको लागि, (मत्ती १७:१४-२०)

- शारीरिक चङ्गाइको लागि, (मत्ती ९:२८,२९, १५:२८, २ कोरन्थी १२:८-९)

- नाना, छाना र मानाको लागि, (मत्ती ६:२५-३४)

- हाम्रो दैनिक जीवनमा अगुवाइको लागि ।
  (रोमी ८:१४)

येशूले दुइ मछुवाहरुलाई बोलाउनु भयोः पत्रुस र आन्द्रियास । तिनीहरुले विश्वाससाथ तिनीहरुको जाल र नौका छोडी उहाँका चेलाहरु बनी उहाँलाई पछ्याउनको निम्ति उहाँको आज्ञा पालन गरे । (मत्ती ४:१८-२०)



यही विश्वासद्वारा हामीले पनि प्रभुको आज्ञा पालन गर्न हामीलाई बाधा पुऱ्याउने कामकुरोहरु अनि भौतिक थोकहरुलाई पन्छाउन सक्नुपर्छ ।

के तपाईं यो संसारको भौतिक र क्षणभङ्गुर कुराहरुको लागि होइन, तर परमेश्वरमा विश्वासद्वारा जिउन चाहनुहुन्छ ?

व्यक्तिगत अनुशासन

आत्म-संयम पवित्रताको लागि मुख्य भाग हो । (गलाती ५:२३, २ तिमोथी १:७)



पावलले तिमोथीलाई आज्ञा गरे: *“आफैलाई भक्तिमा तालीम देऊ”* (१ तिमोथी ४:७)। सदा-कालीन एक चेला ! प्रभुले हामीलाई आज्ञा गर्नुहुन्छ: *“तिमीहरु पवित्र होओ, किनभने म पवित्र छु ।”* (१ पत्रुस १:१५-१६)

परमेश्वरले हामीलाई झन झन खीष्टको स्वरुपमा परिवर्तन गर्दै लानु भएर पवित्र बनाउनुहुन्छ ।

येशू खीष्ट नै हाम्रो निम्ति पवित्रताको सिद्ध नमूना हुनुहुन्छ । निरन्तर प्रार्थना गर्दै, सधैं उहाँमा हाम्रो जीवनलाई ढाल्दै, हामी येशू खीष्टको ज्ञानमा बढ्दै जानेछौं । हामीले उहाँको प्रेम, नम्रता अनि विश्वासलाई अनुकरण गर्नु पर्दछ ।

येशू खीष्टले आफैलाई आफू परिक्षीत हुनुहुँदा शैतानको विरोध गर्न अनुशासित गर्नुभयो (मत्ती ४:१-११)। हामीसँग शैतानको विरोध गर्न येशूको आत्मा हुनुहुन्छ । येशूले हामीमा हाम्रो विश्वासद्वारा पवित्रताको फल फलाउनुहुन्छ (गलाती ३:२-५)।

“म खीष्टसँगै क्रूसमा टाँगिएको छु, अब उप्रान्त जिउने म होइनँ, तर खीष्ट ममा जिउनुहुन्छ....”

(गलाती २:२०)

हामी धेरै कोठाहरु भएका ठूला घर जस्तै हौं । हामी बाहिरको बैठक कोठा र भान्सा कोठाहरु बढारिरहन्छौं होला, किनभने त्यहाँ मानिसहरु आइरहन्छन् । अरुहरुले देख्नसक्ने कोठाहरु पनि हामी साफसुग्घर गरिरहन्छौं होला । तर पछिल्लो कोठा अनि अदेख गुप्ती कोठाहरु मैला नै राखिरहन्छौं ! पवित्र आत्मालाई हरेक कुनामा सफा गर्न अनुमति दिऊँ । उहाँले नै हाम्रो जीवनको हरेक क्षेत्रमा सफा गरिदिऊन् !

जब हामी खीष्टमा हुन्छौं, तब पवित्र आत्माले हामीमा पवित्रता सिर्जनु हुन्छ

गलाती ५:२२-२५ बाट उद्धृत गरिएका निम्न पदहरुमा पवित्र आत्माले हामीमा उत्पन्न गर्नुहुने नौ कुराहरुमुनि रेखाङ्कित गर्नोस् ।

“तर पवित्र आत्माको फल चाहिँ प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाइ, विश्वस्तता, नम्रता, संयम हुन् । यस्ता कुर

ाहरुका विरुद्धमा कुनै व्यवस्था छैन । तर तिनीहरु, जो ख्रीष्ट येशूका हुन्, तिनीहरुले पाप-स्वभावलाई त्यसको वासना र लालसासहित क्रूसमा टाँगिदिएका छन् । हामी पवित्र आत्माद्वारा जिउँछौं भने आत्माकै अनुसार हिँडौं ।"

तलका पदहरु मत्ती ५:३-१० बाट लिइएका हुन् ।

आठ स्वभावहरुमुनि रेखाङ्कित गर्नोस् जसले ख्रीष्टको आत्माद्वार ा भरिएपछि प्राप्त हुने इसाई चरित्रलाई बुझाउँछ ।

"धन्य आत्मामा दीन हुनेहरु, किनभने स्वर्गको राज्य तिनीहरुको हो हो ।"

"धन्य शोक गर्नेहरु, किनभने तिनीहरुले सान्त्वना पाउनेछन् ।"

"धन्य नम्रहरु, किनभने तिनीहरुले पृथ्वीको अधिकार पाउने छन् ।"

"धन्य धार्मिकताको निम्ति भोकाउने र तिर्खाउनेहरु, किनभने तिनीहरु तृप्त हुनेछन् ।"

"धन्य दयावन्तहरु, किनभने तिनीहरुले दया पाउनेछन् ।"

“धन्य शुद्ध हृदय हुनेहरु, किनभने तिनीहरुले परमेश्वरले देख्नेछन् ।”

“धन्य मेलमिलाप गराउनेहरु, किनभने तिनीहरु परमेश्वरका छोराहरु कहलाइनेछन् ।”

“धन्य धार्मिकताको निम्ति सताइनेहरु, किनभने स्वर्गको राज्य तिनीहरुको हो ।”

“पवित्रता परमेश्वरको निम्ति एक जल्दो प्रेम हो जसले सकारात्मक कुराहरु, हरेक प्रकारको सद्‌गुण, असल काम अनि शुद्धता ल्याउँछ ।” (१ कोरन्थी १३:१-३, गलाती ५:२२-२३, फिलिप्पी २:१३)

हामीले आफूलाई अरुसित तुलना गर्ने होइन (२ कोरन्थी १०:१२), बरु खीष्टसित तुलना गरौं (एफिसी ४:१३)। पवित्रता भनेको छर्लङ्ग देखिने अनि सजिलै थाहा गरिने पाप र अपराधहरु त्याग्नु मात्र होइन । पवित्रताको काम ता हामीमा भएको घमण्ड, लोभ, ईर्ष्या, डाह, रीस, लालसा, इत्यादि थाह गराउनु अनि यसको सट्टामा प्रभु येशू खीष्टको प्रेम अनि आत्माको फलरुपी अरु सद्‌गुणहरुले भर्नु हो ।

के हामी कुनै भाइलाई उसले गरिपठाएको देखिने पापको निम्ति आलोचना गर्दछौं, जब कि हामी स्वयंले पनि आफ्नो भनाइ अथवा सोंचाइमा पाप गरिरहेका हुन्छौं ? के अरुको पाप औंल्याउन पाउँदा हामी आफू चाहिँ पवित्र भएका हुन्छौं र ?

येशूले आज्ञा गर्नुभयोः

"अरुलाई दोषी नठहराओ, र तिमीहरु पनि दोषी ठहराइनेछैनौ । किनभने जसरी तिमीहरु अरुहरुलाई दोषी ठहराउँछौ, त्यसरी नै तिमीहरु पनि दोषी ठहराइनेछौ । जुन नापले तिमीहरु नाप्तछौ, त्यसै गरी तिमीहरुका निम्ति पनि नापिनेछ । किन तिमी आफ्नो भाइको आँखामा भएको धूलोको कण देख्तछौ, तर तिमी आफ्नै आँखामा भएको मूढाचाहिँ थाहा पाउँदैनौ ?" (मत्ती ७:१-३)

पवित्र आत्माले हामीलाई कसरी पवित्र पार्नु हुन्छ ? उहाँले हामीलाई येशूलेझैं गर्न सहायता गर्नुहुन्छ, *"डर र कम्पसाथ तिमीहरुको आफ्नो मुक्तिको काम पूरा गर्न परिश्रम गर ।"* (फिलिप्पी २:१२)

प्रार्थना र बाइबलमा मनन गरेर, खीष्टको आज्ञा पालन गर्न समर्थ बन्न हामीले आफैलाई दिनहुँ अनुशासनमा राख्नुपर्छ। त्यसरी माथि भनिएको मुक्तिको काम गर्न पवित्र आत्माले हामीलाई शक्ति दिनुहुन्छ।

"यसकारण कोही खीष्टमा छ भने त्यो नयाँ सृष्टि हो। पुरानो कुरा बितिगएको छ, हेर, नयाँ आएको छ।"

(२ कोरन्थी ५:१७)

पवित्र आत्माद्वारा, हामी दुष्ट इच्छाहरुलाई मार्दछौं। (रोमी ८:१२-१७, गलाती ५:१६-२४)

येशूले भन्नुभयो: "कोही मपछि आउने इच्छा गर्छ भने त्यसले आफूलाई इन्कार गरोस्, र दिनहुँ आफ्नो क्रूस बोकेर मेरो पछि लागोस्।" (लूका ९:२३)

आफैलाई बिर्सेर ? हाम्रो क्रूस दिनहुँ बोकेर ? यो ता हामी तब मात्र गर्न सक्छौं जब हामी येशू ख्रीष्टलाई पछ्याउनेहरु भएका हुन्छौं । येशूको चेला सधै आफ्नो प्रभुको लागि कष्ट सहन अनि आवश्यक परेमा आफ्नो विश्वासको लागि मर्न तयार थिए ।

यो काम गर्नलाई परमेश्वरले हामीलाई सामर्थ्य दिनुहुन्छ:
"...किनकि तिमीहरुलाई उहाँको असल अभिप्रायअनुसार इच्छा गर्ने र काम गर्ने दुवै तुल्याउनलाई परमेश्वर तिमीहरुमा काम गर्नुहुन्छ ।" (फिलिप्पी २:१३)

येशू सधैं बिहानै प्रार्थना गर्नको निम्ति उठ्नुहुन्थ्यो । जब उहाँले प्रार्थना गर्नुहुन्थ्यो, महान कुराहरु हुन्थे ।

के तपाईंले दिनहुँ प्रार्थना गर्नुहुन्छ, आफ्ना परिवारसँग मिलेर पनि गर्नुहुन्छ ? _____

पवित्रताको निम्ति प्रमुख तरिकाहरु

तपाईंले दिनहुँ जब परमेश्वरको वचन मनन गर्नुहुन्छ, त्यो दिनको हरेक कुरामा प्रभुको आज्ञा पालन गर्नलाई स्वेच्छाले समर्पित हुनुहोस् (मत्ती ४:४), त्यसपछि गर्नु पनि होस् !

- परमेश्वरसितै एक भएर परिवर्तन हुन अनि परीक्षाबाट बचाइदिनु हुनको लागि प्रार्थना गर्नोस् ।
  (लूका २१:३६, २२:४०, २ कोरन्थी ३:१७)

- जाँच र कष्टहरुको बीचमा पनि आज्ञा पालन गर्नोस् ।
  (१ पत्रुस १:७)

घरमा अनुशासन

एल्डरहरुले घरका आमाबाबुलाई तिनीहरुको परिवारमा गोठालाको भूमिका निभाउने काम गर्न सिकाउनु पर्छ ।

कुनै पनि पुरुषको एउटै पत्नी हुनुपर्ने अनि उसलाई प्रेम गर्नुपर्ने आज्ञा प्रभुले दिनुभएको छ । इसाईहरुले तिनीहरुका घरमा शान्ति र आनन्द खोज्दछन् । (एफिसी ५:२१-३३, कलस्सी ३:१८,१९, १ तिमोथी ३:४,५, तीतस २:४,५)

"सबैका बीचमा विवाह चाहिँ आदरणीय होस्, वैवाहिक सम्बन्ध नबिटुलियोस्, किनकि दुराचारी र व्यभिचारीहरुको इन्साफ परमेश्वरले गर्नुहुन्छ ।" (हिब्रू १३:४)

१ कोरन्थी ७:१-५ मा पावलले लेखेका छन्:

"अब तिमीहरुले लेखेका कुराहरुका विषयमा हेरौं: पुरुषले विवाह नगर्नु असल हो । तर व्यभिचारसम्बन्धी परीक्षा अनेक भएका हुनाले हरेक मानिसको आफ्नै पत्नी होस्, र हरेक स्त्रीको पनि आफ्नै पति होस् । पतिले आफ्नी पत्नीलाई उसको वैवाहिक हक दिओस्, र यसरी नै पत्नीले पनि आफ्ना पतिलाई । पत्नीले आफ्नो शरीरमाथि अधिकार राख्दिन, तर उसको पतिले राख्छ । यसरी नै पतिले पनि आफ्नो शरीर माथि अधिकार राख्दैन, तर उसकी पत्नीले राख्छे । पति पत्नीले आफ्नो पारस्परिक संसर्गदेखि एक-अर्कालाई इन्कार नगर । इन्कार गऱ्यौ भने पनि आपसमा सल्लाह गरेर केही

समयको निम्ति मात्र, ताकि तिमीहरु प्रार्थनामा लागिरहन सक । तब फेरि एकसाथ बस, ताकि आत्मसंयमको अभावको कारणले शैतानले तिमीहरुलाई परीक्षामा नपारोस् ।"

यो शिक्षाअनुसार, मानिसहरुले कसरी अनैतिकतालाई हटाउन सक्छन् ?

गलत-समझदारीको पर्खाल

येशू खीष्टले इसाई परिवारमा राज्य गर्नुहुन्छ । उहाँ नै परिवारको शिर हुनुहुन्छ । यदि पतिले खीष्टलाई प्रेम गर्दछ र उहाँको आज्ञा पालन गर्छ भने, परिवारको बाँकी सदस्यले

उसको अगुवाइलाई पछ्याउँछन् । परमेश्वरको आत्माले घर मा शान्ति र आनन्द कायम गर्न सहयोग गर्दछ ।

एक अनुशासित परिवारले घरलाई पवित्र र राख्दछ ।

पतिले: उसको घरलाई राम्ररी चलाउन सक्छ ।
(१ तिमोथी ३:४-५)

पतिले: आफ्नै शरीरलाई जस्तै गरी उसकी पत्नीलाई प्रेम र वास्ता गर्दछ । (एफिसी ५:२५-३३)

पत्नीले: आफ्नो पतिलाई प्रभुलाई जस्तै गरी आदर गर्छे अनि उसको अधीनता स्वीकार गर्छे । (एफिसी ५:२२-२४)

विवाहित दम्पत्तिले: एकाअर्कालाई प्रेम गर्दछन् अनि एकाअर्कामा समर्पित हुन्छन् । (एफिसी ५:२१)

नानीहरुले: प्रभुको आज्ञा पालन गरे जस्तै गरी, प्रेमसाथ आफ्ना मातापिताको आज्ञा पालन गर्दछन् । (एफिसी ६:१-३)

मातापिताले: प्रेम, अनुशासन र इसाई अर्ती-उपदेशमा उनीहरुका नानीहरुलाई हुर्काउँछन् । (एफिसी ६:४)

बाइबलको कुन खण्डले परिवारको हरेक सदस्यलाई उसका जिम्मेवारीहरु सिकाउँछ ? बाइबलबाट तपाईंको उत्तर पाउनोस् ।

- १ तिमोथी ४
- एफिसी ५:२१ देखि एफिसी ६:४
- हिब्रू १३

बुद्धिमानी दम्पत्तिले पारिवारिक बजेट पनि बनाउँछ । बजेट भन्नाले कति आम्दानी हुन्छ अनि कहाँ कति खर्च गर्ने भन्ने बुझाउँछ ।

कति परिवार यसकारणले टुट्दछ कि उनीहरुले, अर्थात पतिले पत्नीसँग सल्लाह नगरी अनि पत्नीले पतिसँग बातचीत नगरी, अनावश्यक कुराहरुमा खर्च गर्दछन् । ऋणले शान्तिलाई नष्ट पार्दछ ।

रोमी १३:८ ले भन्दछ: *"कसैको केही कुरामा ऋणी नहोओ ।"* आपसमा सहमत भएर दम्पत्तिले बजेटको योजना गर्नु पर्दछ ।

पारिवारिक बजेट यस्तो हुन्छ:

- ☐ कति आम्दानी हुन्छ त्यसको अनुमान अनि के केमा खर्च गरिन्छ, त्यसको सूची ।
- ☐ प्रशस्त आम्दानीको अगमवाणी ।

बजेट बनाउँदा, आम्दानी र खर्चको हिसाब हुन्छ । येशूले भन्नुभयो: *"तिमीहरुमध्ये कसैले एउटा धरहरा बनाउने इच्छा गर्छ भने, त्यो धरहरा बनाई सिद्धयाउने खर्च आफूसित छ कि छैन भनी के त्यसले पहिले नै बसेर हिसाब लाउँदैन र ?"* (लूका १४:२८)

खीष्टको देहको अनुशासन

एक अनुशासित मण्डलीले आफ्ना सदस्यहरुलाई चिन्दछ । जब कोही एकै पटकमा दुइवटा मण्डलीका सदस्य बन्दछ, अथवा कुनै मण्डलीले बप्तिस्मा लिएका आफ्ना सदस्यहरु चिन्दैनन्, तब गोलमाल हुनजान्छ ।

सदस्यताका शर्तहरु

प्रायः जसो मण्डलीहरुले सदस्यताको निम्ति निम्न कुराहरु चाहन्छन्:

- प्रभु येशू खीष्टमा विश्वास जो हाम्रो पाप क्षमाको निम्ति मर्नुभई, हामीलाई अनन्त जीवन दिनको निम्ति बौरी उठ्नु भएको छ । (यूहन्ना ३:१६, १४:६, १ यूहन्ना १:७-९)

- पश्चाताप । परमेश्वरको विरुद्धमा भएको पाप स्वीकार गर्नु, तिनीहरुबाट फर्कनु, अनि बप्तिस्मा लिनु । (यूहन्ना ५:१४, ८:११)

- खीष्टप्रति आज्ञाकारिता । (यूहन्ना १५:१४)

यदि कुनै विश्वासीले त्यही विश्वास र सिद्धान्त भएको अर्को मण्डलीबाट सदस्यता स्थानान्तर गर्दछ भने, उसले एक शिफारिस पत्र ल्याउनु पर्दछ ।

सदस्यताको सूची

मण्डलीको सचिवले एउटा बहीमा सदस्यहरुको नाउँ लेख्दछ । हरेकको निम्ति तल दिइएका जानकारीहरु लिइराख्नु राम्रो हो ।

१. ठेगाना,

२. टेलिफोन नम्बर,

३. बप्तिस्मा भएको मिति,

४. स्थानान्तरको मिति (यदि अर्को मण्डलीबाट आएको हो भने),

५. अरु उपयोगी विवरणहरु ।

सदस्यहरुका जिम्मेवारीहरु

- यस संसारमा उनीहरुको जीवनलाई दागरहित राखी प्रभुमा समर्पित गरेर, येशूका आज्ञाहरु पालन गर्दै, प्रभुलाई प्रेम गर्नु अनि महिमा दिनु ।
  (मत्ती २८:१८-२०, १ कोरन्थी ७:९-११, २ पत्रुस १:४-८)

- मित्रहरु अनि छिमेकीहरुको बीचमा खीष्टको निम्ति साक्षी बन्नु । (प्रेरित १:८)

- उनीहरुको पाष्टरहरुको आज्ञा पालन गर्नु ।
  (१ कोरन्थी ९:१२-१४, १ थिस्सलोनिकी ५:१२,१३, हिब्रू १३:१७)

- उनीहरुको भेटीहरु अनि दशांशहरुद्वारा प्रभुको काममा सहयोग गर्नु । (मत्ती ६:१९-२१)

- प्रभुभोज लगायतका सेवाहरुमा भाग लिनु । (मत्ती २६:२६-२८, हिब्रू १०:२५)

- कुनै सेवकाइमा रही प्रभुको सेवा गर्नु । (रोमी १२:४-८, एफिसी ४:११-१६, १ कोरन्थी १२)

- पारिवारिक सेवा चलाउनु, बाइबल पढ्नु अनि परिवार सित मिली दिनहुँ प्रार्थना गर्नु । (हितोपदेश २२:६)

- नयाँ विश्वासीहरुलाई स्वागत गर्नु, अनि तिनीहरुलाई आज्ञाकारी चेलाहरु हुन शिक्षा दिनु । (मत्ती २८:१९-२०)

- अरु विश्वासीहरु, मित्रहरु अनि शत्रुहरुको लागि प्रार्थना गर्नु । (एफिसी ६:१८, लूका ६:२८)

- हाम्रो समुदाय र देशमा हाम्रा प्रभु येशू खीष्टको राज्य, शान्ति, व्यवस्था अनि न्याय स्थापित गर्न काम गर्नु । (मत्ती ५:१३-१६)

सदस्यताको सूचीबाट नाउँ हटाउनको निम्ति कारणहरु:

- स्थानान्तर (नयाँ मण्डलीमा एक शिफारिस पत्र पठाइदिनु होस्),

- बहिष्कार (एक अपश्चातापी सदस्य, जो पापमा लागिर हन्छ उसलाई मण्डलीका कार्यक्रमहरुमा भाग लिनबाट वञ्चित गरिन्छ),

- लामो समयसम्म मण्डलीमा उपस्थित नहुनु (कुनै असल कारण जस्तै बिरामीपन, यात्रा अथवा अन्य वैध कार णहरु नभएमा),

- मृत्यु ।

सचिवले सूचीलाई समय समयमा ठीक पारिराख्नुपर्छ । के उसले यसो गर्दैछ ?

मण्डलीमा भण्डारेपन

इसाई भण्डारेपन अनुशासनको अर्को पाटा हो । अर्को व्यक्तिको सम्पत्तिलाई सठीक ढङ्गमा प्रयोग गर्ने व्यक्तिलाई भण्डारे भनिन्छ । हामीसँग भएका सबै थोक (हाम्रो समय, वरदानहरु अनि पैसा पनि) परमेश्वरको हो । मण्डलीका सबै सदस्यहरुले उनीहरुको भेटी र दशांशद्वारा मण्डलीको काममा सहयोग प्रदान गर्दछन् ।

के तपाईंले आफ्नो मण्डलीमा यस कुरालाई सुधार्नु खाँचो छ ?

_____

के तपाईंको मण्डलीले वार्षिक बजेट बनाउँछ ?

_____

यो बजेट भन्नाले मण्डलीको आयको अनुमान, अनि खर्चको सूची हो जसलाई भुक्तानी गर्नको निम्ति कोषाध्यक्षलाई अधिकार दिइएको हुन्छ ।

बजेटमा भनिए जति तिर्नलाई भेटीले पुग्दैन भने, कोषाध्यक्षले

- ☐ मिसनेरीहरुको लागि सपोर्ट पठाउँदैन ।
- ☐ पाष्टरहरुलाई केही पनि दिँदैन ।
- ☐ उसले दिनु पर्नेहरुलाई सके जति मिलाएर दिन्छ, अनि मण्डलीका अगुवाहरुसँग सल्लाह गर्दछ ।

उत्तरः मण्डलीको उद्देश्य अनुरुप, कोषाध्यक्षले उसँग भएको जति दिने गर्छ ।

बजेटमा अनुमान गरिएको भन्दा बढी आएमा, कोषाध्यक्षलेः

- ☐ पाष्टरलाई दिन्छ ।
- ☐ मण्डलीले केमा खर्च गर्छ त्यसको निर्णय नभएसम्म राखिराख्छ ।
- ☐ उसको ससुरालाई सापटी दिन्छ ।

उत्तरः मण्डलीले केमा खर्च गर्नुपर्ने हो त्यसको निर्णय अगुवाहरुले नगरेसम्म पर्खिरहन्छ ।

सार्वजनिक आराधनामा अनुशासन

कुन प्रकारको सेवाले परमेश्वरलाई खुशी बनाउँछ ?

व्यवस्थित ढङ्गमा आराधना गर्दा, पाप स्वीकारसहित नम्रतामा प्रभुभोज लिँदा, सुहाउँदिला संगीत बजाँउदा, अनि राम्ररी तयार पारिएको प्रवचनहरु प्रस्तुत गर्दा परमेश्वर खुशी बन्नुहुन्छ ।

के तपाईंहरुले पहिल्यै, प्रार्थनाद्वारा, आराधना सेवाको निम्ति प्रभुको अभिषेक खोज्नु हुन्छ ?

_____

प्रवचन तयारी गर्दा कति समय लगाउनु हुन्छ ?

- ☐ सेवा शुरु भए पछि म प्रवचनको बारेमा सोंच्न थाल्छु ।
- ☐ म ता पहिल्यै झट्ट तयारी गर्दछु ।
- ☐ म ता धेरै दिन अघिदेखि नै धेरै घण्टा प्रार्थनामा, मनन र तयारीमा बिताउँछु ।

नराम्रोसँग तयार गरिएको प्रवचन सुन्नुभन्दा बरु, मण्डलीका सदस्यहरु सेवाको समयमा प्रार्थना, वचन अध्ययन अनि परमेश्वरको प्रशंसामा बिताउनु राम्रो हुनेछ ।

के आराधनामा गाइने भजनहरु सेवा शुरु हुनुभन्दा अघि नै बढो होशियारीपूर्वक छानिने चलन छ ?

☐ ज्यू ।

☐ अहँ ।

के सेवाका विभिन्न भागहरु (जस्तै बाइबल पठन, भजनहरु, साक्षीहरु, इत्यादि) सेवाको मुख्य विषयअनुसार तयार पारिने गरिन्छ ?

☐ ज्यू गरिन्छ ।

☐ अहँ, गरिन्न ।

के अगुवा ठीक समयमा आइपुग्नु हुन्छ ?

☐ ज्यू, आइपुग्नुहुन्छ ।

☐ अहँ, आउनुहुन्न ।

ढीलो आउँदा अरुको समय चोरिन्छ, अनि परमेश्वरलाई आदर हुँदैन । जब अगुवाहरु ढीलो आउँछन्, आराधना सेवाहरुलाई गम्भीर रुपमा लिएको मानिन्दैन ।

"समयको पूरा सदुपयोग गर, किनकि दिन खराब छ ।
यसैकारण मूर्ख नहोओ, तर प्रभुको इच्छा के छ, सो बुझ..."
(एफिसी ५:१६,१७)

के नानीहरुको लागि अलग्गै बन्दोबस्त गरिएको छ, ताकि उनीहरुले व्यवस्थित ढङ्गमा सेवा गर्न भाग लिन सक्छन्, अथवा उनीहरुको उमेरअनुसार सठीक अर्ती पाउन सक्छन् ?

☐ ज्यू, गरिएको छ ।
☐ अहँ, गरिएको छैन ।



मनपरी गरिहिँड्ने नानीहरुको कारण आराधना सेवामा खलबल हुनसक्छ । यदि तिनीहरु कुद्छन्, कराउँछन्, अथवा अघिअघि दगुर्दछन् भने, तिनीहरुले हरेकको ध्यान खिँच्छन् । यदि यो समस्या छ भने सदस्यहरुले यसबारे सोचून् ।

के प्रभुभोज सठीक ढङ्गमा मनाइन्छ ?

☐ ज्यू, मनाइन्छ ।

☐ अहँ, मनाइन्न ।



प्रभुभोजमा भाग लिन अघि हामीले आफूलाई जाँच्दछौं । यदि हामीले विना तयारी भाग लिन्छौं भने, पर मेश्वरले हामीलाई सजाय दिनुहुन्छ । विना आवाज प्रार्थना गरेर, हामीले स्वर्गीय पितासँग हाम्रा पापहरु मानिलिन्छौं । (१ कोरन्थी ११:२७-३२)

तपाईंको मण्डलीले कति निरन्तर रुपमा प्रभुभोज लिन्छ ?

_____

प्रेरितीय मण्डलीहरुले ता हरेक आइतबार प्रभुभोज लिन्थे (प्रेरित २०:७)। हरेक साता लिनै पर्छ भन्ने कुनै आज्ञा छैन, तर जुन मण्डलीले प्रभुभोजलाई बेवास्ता गर्दछ, त्यसले धेरै आशिषहरु गुमाउँछ ।

डर र आनन्दसाथ हामी प्रभुभोजमा सहभागी हुनुपर्दछ । हामीले सफा टेबल प्रयोग गर्नुपर्दछ । रोटी र कचौरालाई एक सफा लुगाले छोप्नु पर्दछ ।

सुधारको अनुशासन

“तिमीहरु पवित्र होओ, किनभने म पवित्र छु ।”

(१ पत्रुस १:१६)

पतन भएकोलाई पुनर्स्थापित गर्न (गलाती ६:१) अनि मण्डलीलाई शुद्ध गर्न, हामी तिनलाई अनुशासनमा ल्याउँछौं । (१ कोरन्थी ५:१-५)

हामी सजाय दिनको निम्ति अनुशासन गर्दैनौं । हामीले होइन, तर प्रभुले सजाय दिनुहुन्छ । (हिब्रू १०:३०-३१, १२:५-११)

भूल गर्ने भाइलाई सुधार गर्ने कदमहरु (मत्ती १८:१५-१८)

पहिलो:

"तिम्रो भाइले तिम्रो विरुद्धमा अपराध गऱ्यो भने, गएर तिमीहरु दुइ मात्र हुँदा त्यसको दोष देखाइदेऊ । त्यसले तिम्रो कुरा सुन्यो भने, तिम्रो भाइ आफ्नो भयो ।"

यदि विरोध गर्नेले जसको बारेमा विरोध गर्दैछ उसलाई भेटेको छैन भने, उसले गरिरहेको कुनै विरोधलाई नसुन्नोस् ।

दोस्रो:

"तर त्यसले सुनेन भने आफ्नो साथ अरु एक वा दुइ जनालाई लैजाऊ र दुइ अथवा तीन साक्षीद्वारा प्रत्येक कुरा पक्का होस् ।"

हामीले उसित नम्रतासँग व्यवहार गर्नुपर्छ, अनि बढो भद्रतासँग सुधार्नु पर्छ । (गलाती ६:१)

तेस्रो:

"यदि त्यसले तिनीहरुका कुरा पनि सुन्न इन्कार गऱ्यो भने, मण्डलीलाई भन्नुपर्छ । त्यसले मण्डलीको बात पनि सुन्न इन्कार गऱ्यो भने, त्यो तिम्रो लागि विधर्मी...सरह होस् ।"

यदि उसले भूल दोहोऱ्याइरहन्छ भने, मण्डलीले त्यस विषयमा व्यवहार गरोस् (मत्ती १८:१७, १ तिमोथी ५:२०)। यदि उसले मण्डलीको कुरा सुन्न चाहँदैन भने, उसले पश्चाताप नगरुञ्जेल उसलाई मण्डलीबाट अलग गरियोस् ।

कुनै भाइलाई सुधार गर्नको लागि चालिने तीन कदमहरु लेख्नोस्:

१. _____

_____

२. _____

_____

३.

- पाष्टर अथवा मण्डलीको प्रमुख एल्डरले मात्र भूल गर्ने सदस्यलाई अनुशासन गर्ने होइन। यसले पाष्टरको विरुद्धमा व्यक्तिगत रीस-ईबी बढ्न सक्छ। त्यसैकारण भूल गर्ने भाइलाई सच्च्याउनको निम्ति, हामीसित अरु आत्मिकी मानिसहरु पनि लानुपर्छ भनी गलाती ६:१ ले हामीलाई होशियार गराउँछ।

- त्यो भाइले पश्चाताप नगरुञ्जेल हामी यी बाइबलीय कदमहरु चाल्नेछौं । यो कुरा मण्डलीमा पुग्दा पनि उसले मानिलिन अस्वीकार गरेमा हामी उसलाई संगतिबाट हटाइदिनेछौं ।

- यदि त्यो भूल गर्ने भाइले कसैलाई, यहाँसम्म कि मण्डलीलाई पनि नसुन्ने अवस्था आयो भने, उक्त निर्णय लिन अघि औपचारिक रुपमा उसलाई सम्झाउनु पर्छ ।

मण्डलीको अगुवाको बारेमा पनि प्रक्रिया त्यही हो ।



अनुशासन गर्दा दिइने पत्रको नमूनाः

२० जनवरी
श्री जोहन राज कटुवाल
"(व्यक्तिगत सम्बोधन)"

प्रिय जोहन राज,

प्रभुको नाउँमा प्रेमसहित हामी तपाईंलाई अभिवादन भन्दछौं, अनि तपाई र तपाईंको परिवारको निम्ति प्रभुको आशिषको कामना गर्दछौं ।

जोहन राज, नयाँ करारले हामीलाई आज्ञा गर्दछ कि कुनै गम्भीर पाप गर्ने व्यक्तिले पश्चाताप गर्दैन भने उसको सुधार गर्नुपर्दछ ।
(१ कोरन्थी ५:१-११)

अरु सदस्यहरुको बारेमा तपाईंले कुरा लाउनु भएको अनि विना आधारको आलोचना गर्नु भएको कारण मण्डलीमा गम्भीर विभाजन आएको छ । तपाईंलाई व्यक्तिगत रुपमा चेताउनी दिइयो, अनि पछिबाट एल्डरहरुले पनि दिए । अझ पनि तपाईंले ध्यान नदिनु भएको कारण मण्डलीले यो विषयमा हेरविचार गऱ्यो । अब मण्डलीको निर्णय यही छ कि तपाईंले पश्चाताप नगरुञ्जेल, तपाईंलाई मण्डलीको संगतिदेखि वञ्चित गरिनेछ । यो निर्णय तपाईंलाई मात्र लागू हुनेछ, तपाईंको परिवारका अरु सदस्यहरुलाई होइन ।

जोहन राज, अनुशासनका चार लक्ष्यहरु छन्:

- तपाईंलाई परमेश्वरसँग मिलापमा ल्याउनु अनि मण्डलीको संगतिमा पुनर्स्थापित गर्नु (गलाती ६:१)

- मण्डलीको शुद्धिकरणको निम्ति । नसुधारिएको पापले हरेकलाई कुप्रभाव पार्दछ (१ कोरन्थी ५:६)

- लगाम नलाएको जिब्रोको खतराबारे अरुलाई चेताउनी दिनु, ताकि उनीहरु पनि यसबारे सचेत बनून् । (१ तिमोथी ५:१९-२०, याकूब ३:१-१२)

- तपाईंलाई परमेश्वरको न्यायमा सुम्पिनु (१ कोरन्थी ५:१२,१३, हिब्रू १०:३०-३१)

जोहन राज, यस किसिमको कार्वाही गर्दा हामीलाई दुःख लाग्छ । तरै पनि, हामीले परमेश्वरको स्वर सुन्नैपर्छ अनि तपाईंलाई यो पत्र पठाउन कर लागेको छ । डिकनको रुपमा तपाईंको पद पनि खारेज भएको छ । यो निर्णय सर्व-सम्मतिबाट भएको हो । हामी प्रार्थना गरिरहनेछौं कि तपाईंले पश्चाताप गर्नुहुनेछ अनि फेरि एकपटक तपाईंको जीवनमा येशू ख्रीष्टलाई महिमा दिनुहुनेछ ।

जब तपाईंको चरित्रमा परिवर्तन आउनेछ, हामी तपाईंलाई पुनर्स्थापित गर्न, अनि बडो आनन्दपूर्वक तपाईंलाई ग्रहण गर्न तयार छौं ।

मण्डलीका अगुवाहरुको सही:

जब एक विश्वासीले पश्चाताप गर्दछ, जब सम्भव र सजिलो हुन्छ, तब उसले चोरेका सामानहरु फर्काउनु पर्छ, नतिरिएका ऋणहरु तिर्नुपर्छ, अनि उसले भनेका कुरा सच्याउनु पर्छ। (लूका १९:८) मामिला अनुसार, यो काम गोप्य रुपमा अथवा सार्वजनिक रुपमा गर्न सकिन्छ। यो पश्चाताप पछि, मण्डलीले उसलाई फेरि एक सदस्यको रुपमा स्वीकार गर्दछ।

बाइबलले कुनै सदस्यलाई कुनै विशेष समय (जस्तै, तीन वा छ महिना, इत्यादि) को निम्ति भनेर अलग गर्दैन। हामी यस विषयमा बढो होशियार हुनुपर्छ। जसले तुरन्तै पश्चाताप गर्दछ, यदि उनी यस कुरामा पूर्णतया ईमान्दार देखियो भने, उसलाई ग्रहण गरिहाल्नु पर्दछ। (२ कोरन्थी २:६-८)

तरै पनि, एक अगुवा भएको खण्डमा, उनी पुनर्स्थापित भएको भए तापनि, केही समयसम्म हामीले उनलाई प्रचार गर्ने अथवा सेवाहरु सञ्चालन गर्ने जिम्मा दिनु मिल्दैन, ताकि सुसमाचारको बदनाम नभएको होस्।

तल देहाएका अपराधहरुको सुधार हुनपर्छः

- सदस्यहरुबीचको समस्याहरु। (मत्ती १८:१५-१७, १ कोरन्थी ६:५-६)

- विभाजनहरु । (तीतस ३:१०,११, रोमी १६:१७)
- अल्छेपना । (२ थिस्सलोनिकी ३:७-१५)
- अनैतिकता । (१ कोरन्थी ५:१,२)
- लोभ । (१ कोरन्थी ५:११)
- मूर्तिपूजा । (१ कोरन्थी ५:११)
- निन्दा । (१ कोरन्थी ५:११)
- मतवाला । (१ कोरन्थी ५:११)
- लुटाहा । (१ कोरन्थी ५:११)
- सदस्यहरुबीच मुद्दा-मामिला । (१ कोरन्थी ६:१-१०)
- झूटो शिक्षा । (रोमी १६:१७)

अभ्यासको काम

- यी सबै अनुशासन पालन गर्न तपाईंको मण्डलीलाई सहयोग प्रदान गर्नुहोस् ।

कपीराइट र जानकारी:
© 2001 Project WorldReach © 2001 SEAN
सर्वाधिकार सुरक्षित

Train & Multiply®

Project WorldReach (टि एम सेवकाइ संचालन)

Dr. George Patterson (मौलिक लेखक)
SEAN International

सम्पर्क ठेगाना: **Project WorldReach PWR®**

474 - 800 - 15355 - 24th Ave
Surrey BC, Canada
V4A 2H9

इमेल: pwr@trainandmultiply.com

वेबसाइट: http://www.trainandmultiply.com

041NP01A-01